प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# दैनिक गतिविधि

जेष्ठ १४, २०७७

फ्याक्स: ०६१-५२०३३०
टोल फ्री नं. १०६३

फोन नं. ०६१-५२०३६०
PHEOC: ०६१-५२४०७४





सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री नरदेवी पुन मगरज्यूको संयोजकत्वमा आगामी आ.व. २०७७/०७८ का लागि सामाजिक विकास मन्त्रालय मातहतका स्वास्थ्यसंग सम्बन्धित कार्यालयहरूको प्रस्तावित बजेट तथा कार्यक्रम माथि छलफल सम्बन्धी बैठक सम्पन्न भयो । बैठकमा माननीय डा. गिरिधारी शर्मा पौडेल, उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग, श्री डिल्लीराम शर्मा, सचिव, सामाजिक विकास मन्त्रालय, डा. विनोद विन्दु शर्मा, निर्देशक, स्वास्थ्य निर्देशनालय, श्री खिमबहादुर खड्का, निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन र स्वास्थ्य तालीम केन्द्र, श्री दामोदर सुबेदी, उप-सचिव, सामाजिक विकास मन्त्रालय, श्री शम्भु प्रसाद ज्ञवाली, महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय, डा. राम बहादुर के.सी., महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय, श्री सपना सुवेदी, नि.निर्देशक, प्रदेश जनस्वास्थ्य प्रयोगशाला लगायतका व्यक्तित्वको उपस्थिति थियो ।





स्याङ्जा जिल्लाका सबै स्थानीय तहमा रहेका CICT Team का संयोजकहरु तथा जिल्ला अस्पताल स्याङ्जाका कोरोना कोभिड रोग नियन्त्रणका संयोजक समेतलाई आज कोभिड-१९ सम्बन्धि "Case Investigation & Contact Tracing" सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन सम्पन्न भएको छ। स्वास्थ्य निर्देशानालय, गण्डकी प्रदेशका डा. राजिब लालचन, दिवाकर शर्मा र लक्ष्मण बसैलाले सहजीकरण गर्नु भएको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रि माननीय किरण गुरुङद्वारा प्रदेश सभा समक्ष बिनियोजन बिधेयक २०७७ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नु भएको छ । चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन र स्रोत परिचालनको अवस्था तथा सामाजिक सेवा, विकास निर्माण, उत्पादन र रोजगारीको क्षेत्रमा कोरोना महामारीका कारण लकडाउनले पारेको प्रभाव र असरलाई विश्लेषण गरी यो विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता निर्धारण गरिएको जानकारी दिनु भएको छ ।

स्वास्थ्य निर्देशानालयका निर्देशक डा. विनोद विन्दु शर्माले धौलागिरी अस्पतालको अनुगमन गर्नु भएको छ । बाग्लुङ जिल्लामा थपिएका ६ जना कोरोना संक्रमितहरुको अवस्था बुझ्न तथा अस्पतालको तयारीका बारेमा जानकारी लिनुभएको छ।